**नेपाल राष्ट्र बैंक**

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**

**पुराना सवारी साधनहरु सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८०/०४/२६

लिलाम सूचना नः सम्पत्ति/कार्यालय सवारी साधन/लिलाम/२०८०/८१/०१

यस बैंकको स्वामित्वमा रहेका देहाय बमोजिमका पुराना सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाममा बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १० दिन (मिति २०८०/०५/०३) भित्र प्रत्येक सवारी साधनको लागि छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरी मिति २०८०/०५/०४ गते सोमबार दिनको १:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल (ई.सं.) | न्यूनतम लिलाम मूल्य (मू.अ.कर सहित रु.) | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|
| १ | बा.१ क ६३५३ (स्वराज माज्दा बस ) | २००८ | ४,१५,०००।- | ५००।- |
| २ | बा.९ च ७३७४ (सेभ्रोलेट टाभेरा) | २०१२ | ११,६७,०००।- | १,०००।- |
| ३ | बा.९ च ७३७५ (सेभ्रोलेट टाभेरा) | २०१२ | ९,६२,०००।- | ७००।- |
| ४ | बा.९ च ७३७६ (सेभ्रोलेट टाभेरा) | २०१२ | ९,८२,०००।- | ७००।- |
| ५ | बा. ९ च ७३७९ (सेभ्रोलेट टाभेरा) | २०१२ | ११,८७,०००।- | १,०००।- |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :

(क) स्थानः सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार

(ख) समयः दिनको ३:०० बजे

(ग) मितिः २०८०/०५/०४ सोमबार

(२) बोलपत्र साथ बोलपत्र जमानत बापत आफुले कबोल गरेको रकमको (मू.अ.कर सहित) पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिङ्ग विभाग, बालुवाटारमा रहेको खाता नं. ११०९९०१-०११-२०३-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएका व्यक्ति, फर्म वा कम्पनीहरुले यस बैंकमा राखेको उक्त धरौटी रकम लिलाम सकारेको सवारी साधनहरुको नामसारी भए पश्चात् मात्र फिर्ता गरिनेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ । माथि उल्लेखित न्यूनतम मूल्य बाहेक लाग्ने सम्पूर्ण खर्च एवं भुक्तानी गर्नुपर्ने सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले व्यहोर्नु पर्नेछ ।

(४) उपरोक्त तालिकामा उल्लेखित बोलपत्र फारामको दस्तुर (पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग विभागमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा रकम जम्मा गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागबाट खरिद गर्न सकिनेछ ।

(५) लिलाम हुने सवारी साधनहरु हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०:०० बजे देखि दिउसो ४:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग (**सम्पर्क नं.४४१९८०४ (Ext.३७२ र ३६६)** मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा राखिएको छ ।